**आर्थिक तथा मौद्रिक लक्ष्य**

५१. आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको प्रमुख आर्थिक लक्ष्य मुद्रास्फीतिकारी अपेक्षामा अंकुश लगाउने रहको छ। २०६५ जेष्ठ २७ गते पेट्रोलियम पदार्थको मूल्यमा गरिएको समायोजनको पहिलो चरणको असर आर्थिक वर्ष २०६५/६६ को पहिलो १० महिनासम्म परिरहने देखिन्छ। दोस्रो चरणको असर स्वरूप सार्वजनिक सवारी साधनको भाडामा पनि वृद्धि भइसकेको छ। यी दुवै कारणहरूले गर्दा आर्थिक वर्ष २०६५/६६ को चार/पाँच महिनासम्म मुद्रास्फीतिदर एकल अङ्क नाघ्ने देखिए तापनि वर्षेवाली भित्र्याउन थालेपछि खाद्यान्न वस्तुहरूको मूल्यमा सुधार आई मुद्रास्फीति एकल अङ्कमा सीमित रहने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा थप समायोजन भएन भने आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रक्षेपण छ।

५२. आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको दोस्रो प्राथमिक लक्ष्य पर्याप्त मात्रामा विदेशी विनिमय सञ्चिति कायम राख्ने रहेको छ। विदेशी विनिमय सञ्चिति पर्याप्तताका विविध सूचकहरूमध्ये एक निश्चित अवधिको वस्तु तथा सेवाको आयातलाई लिइने छ। विदेशी मुद्रा आर्जन गर्ने स्रोतहरूलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६५/६६ को लागि कमसेकम ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी विनिमय सञ्चितिको लक्ष्य निर्धारण गरिएको छ। आयात र विदेशी विनिमय आर्जनका स्रोतहरूको विद्यमान प्रवृत्तिलाई दृष्टिगत गर्दा विदेशी विनिमय सञ्चितिको उक्त लक्ष्य हासिल गर्न आर्थिक वर्ष २०६५/६६ को लागि शोधनान्तर बचत लक्ष्य रू १२ अर्ब रहेको छ।

५३. आर्थिक वर्ष २०६५/६६ मा कृषि उत्पादन वृद्धिदर सन्तोषजनक रहने अनुमान छ। निर्यातजन्य उद्योगहरूमा तत्कालै ठूलो सुधार आउन कठिनाई देखिए तापनि आन्तरिक मागमा आधारित उद्योगहरूको उत्पादनमा विस्तार आउने अनुमान छ। सेवा क्षेत्रको विस्तार सन्तोषजनक रहने अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहेकोमा यी सबै कारणहरूले गर्दा आर्थिक वर्ष २०६५/६६ मा हालै सार्वजनिक गरिएको बजेट वक्तव्यमा उल्लेखित ७.० प्रतिशत आर्थिक वृद्धि हासिल हुनसक्ने सम्भावना छ। सो आर्थिक वृद्धिदर हासिल गर्न सहजता प्रदान गर्न आवश्यक पर्ने मौद्रिक तरलताको व्यवस्थापन गरिने छ।

५४. मौद्रिक लक्ष्यतर्फ, आर्थिक वर्ष २०६५/६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १८.५ प्रतिशत रहने प्रक्षेपण छ। आर्थिक वर्ष २०६४/६५ मा विस्तृत मुद्रा प्रदाय वृद्धिदर २५.२ प्रतिशत रहेको छ। आर्थिक वृद्धि ७.० प्रतिशत रहने र मुद्रास्फीतिलाई एकल अङ्क अर्थात् ७.५ प्रतिशतमा सीमित गर्नुपर्ने आधारमा आर्थिक वर्ष २०६५/६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून राखिएको हो। उच्च आर्थिक वृद्धिलाई आवश्यक पर्ने मौद्रिक तरलताको अघिल्लो वर्षको अधिक तरलता (liquidity overhang) ले पूर्ति गर्ने अनुमान छ। विस्तृत मुद्रा प्रदायको स्रोतमध्ये आन्तरिक कर्जामा विस्तार आउने अनुमान गरिए तापनि सोको कारणले खुद वैदेशिक सम्पत्तिलाई निस्प्रभावी गर्ने भएकाले मौद्रिक विस्तार नियन्त्रित रहने प्रक्षेपण गरिएको हो।

५५. आर्थिक वर्ष २०६५/६६ मा कुल आन्तरिक कर्जा २३.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा नेपाल सरकारले कुल आन्तरिक ऋण रु २५ अर्ब

परिचालन गर्ने उल्लेख छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारले रू २० अर्ब ५० करोड कुल आन्तरिक ऋण परिचालन गरेको थियो । कुल आन्तरिक बैंक कर्जामध्ये वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर अघिल्लो वर्षको २४.३ प्रतिशतको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा २५.० प्रतिशत रहने प्रक्षेपण छ ।